# स्थानीय राजपत्र

गोलन्जोर गाउँपालिका, ग्वालटार, सिन्धुलीद्वारा प्रकाशित

| खण्ड २ | संख्या ४ | मितिः २०७५/१२/२९ |
|---|---|---|


## भाग - १

### गोलन्जोर गाउँपालिका

गोलन्जोर गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्बत् २०७५ सालको ऐन संख्या ४**

# गोलन्जोर गाउँपालिका प्रहरी ऐन, २०७५

**प्रस्थावना** : स्थानिय सरकारको रुपमा गोलन्जोर गाउँपालिकाले उपलब्ध गराउने सेवा प्रवाह, विकास निमार्ण, न्यायीक निर्णय कार्यान्वयन, सरसफाई, धार्मिक तथा पर्यटकिय क्षेत्रको सुरक्षा संचालन, गाउँपालिकाको आफ्नो सम्पतिको संरक्षण गरि ति सम्पतीहरुको सुरक्षा तथा कायम गर्दै गाउँपालिकाको समृद्धि र विकास कार्यमा सहयोग पुर्‍याउदै गाउँपालिका भित्र शान्ति सुव्यवस्था कायम गर्न तथा गाउँपालिकाको निणर्य कार्यान्वयनमा प्रभाकारीता ल्याउन गाउँपालिका प्रहरी संचालन एवं परिचालन कार्यलाई व्यवस्थित बनाउनु पर्ने आबश्यकता

रहेको नेपालको संविधानको धारा ५७ (४) र अनुसूचि ८ (१) मा भएको व्यवस्था र स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ (१)ले दिएको अधिकार प्रयोग गरि गोलन्जोर गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद – १

## संक्षिप्त नाम र प्रारम्भिक

१. **यस ऐनको नाम** : गोलन्जोर गाउँपालिकाको गाउँपालिका प्रहरी ऐन २०७५ रहेको छ।

२. यो ऐन तुरुन्त लागु हुने छ।

**परिभाषाः**

३. प्रमुख भन्नाले गोलन्जोर गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

४. उप प्रमुख  भन्नाले गोलन्जोर गाउँपालिकाको उप प्रमुख सम्झनु पर्दछ।

५. गाउँ कार्यपालिका भन्नाले गोलन्जोर गाउँपालिकाको गाउ कार्यपालिका सम्झनु पर्दछ।

६. गाउँ सभा भन्नाले गोलन्जोर गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ।

७. **ऐन भन्नाले** : स्थानिय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ।

८. **प्रहरी ऐन भन्नाले** : गोलन्जोर गाउँपालिकाको गाउँपालिका प्रहरी ऐन २०७५ सम्झनु पर्दछ।

९. **कार्यालय भन्नाले** : गोलन्जोर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

१०. **प्रमुख प्रशासकीय अधिकृत भन्नाले** : गोलन्जोर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

११. गाउँपालिका प्रहरी भन्नाले गोलन्जोर गाउँपालिकाको गाउँपालिका प्रहरी प्रमुख र अन्य गाउँपालिका प्रहरी समेतलाई सम्झनु पर्दछ।

## परिच्छेद २

## गाउँपालिका प्रहरी फोर्सको रेखदेख र नियन्त्रण

१. गाउँपालिका प्रहरीको व्यवस्था : गोलन्जोर गाउँपालिकाको छुट्टै गाउँपालिका प्रहरी रहने छ जस्लाई गोलन्जोर गाउँपालिकाको प्रहरी नामले समेत चिनिने छ।

२. गाउँ सभाबाट विनियोजित बजेटको सिमा भित्र रहि कार्यालयले गाउँपालिका प्रमुख स्तरीय निर्णयाबाट आबश्यक सख्यामा गाउँपालिका प्रहरी सेवा करारमा लिन सक्ने छ।

३. कार्यालयले आवश्यक ठानेका हाल कार्यरत रहेका कर्मचारिहरु मध्यबाटनै छनौट गरि माथि उपदफा २ मा उल्लेखित बजेटको सिमा भित्र रहि आबश्यक संख्यामा गाउँपालिका प्रहरी सेवा करारमा लिनु वा भर्ना गर्न बाधा पुगेको मानिने छैन।

४. गाउँपालिका प्रहरीको रेखदेख तथा संचालन यस गाउँपालिकाको प्रमुख उप प्रमुखको आदेश वा निर्देशनमा गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा प्रशासन शाखाको निर्देशन अनुसार सुरक्षा प्रमुखले काम काज लगाउनु पर्दछ।

५. गाउँपालिका प्रहरीले कार्य सम्पादन गर्दा यस गाउँपालिकाको गाउँ सभा तथा कार्यपालिकाले समय समयमा स्वीकृत गरेको ऐन कानु नियम कार्यविधि र निदेर्शिका अनुसार काम काज गर्नू पर्ने छ।

## परिच्छेद ३

## गाउँपालिका प्रहरीको गठन परिचालन काम कर्तव्य र जिम्मेवारी

१. गाउँपालिका प्रहरीको नेतृत्व एवं परिचालन गर्न कम्तिमा प्रहरी सहायक निरिक्षक वरावरको पारिश्रमिक वा सुविधा पाउँने गरि १ जना प्रमुख तोक्ने छ । अन्य गाउँपालिकाको  आवश्यकता  अनुसार गाउँपालिका प्रहरी हवल्दार र सिपाहीमा भु पु वा खुल्लाबाट करार पदपुर्ति वा नियुक्ति गर्न सक्ने.छ ।

२. गाउँपालिका प्रहरीको प्रभावकारी परिचालनको लागि प्रहरी हवल्दारले पाउँने पारिश्रमिक सुविधा पाउँने गरि          २ दई जना गाउँपालिका प्रहरी हवल्दार र अन्य आवश्यक अनुसार  सिपाही गाउँपालिकाले करारमा लिन सक्ने छ ।

३. गाउँपालिका प्रहरी प्रमुखले गाउँपालिका अध्यक्ष मार्फत प्रमुख प्रशासकीय अधिकृत निगरानीमा प्रशासन शाखामा कामको प्रतिबेदन बुझाउँनु पर्ने छ ।

४. प्रत्येक गाउँपालिका प्रहरीले गाउँपालिका प्रहरी प्रमुखको प्रत्येक्ष सुपरिबेक्षण नियन्त्रण र निर्देशनको मातहतमा रहि कार्य गर्ने छ । गाउँपालिका प्रहरीले पालना गर्नुपर्ने अनुशासन एबं आचरण उल्लघन गर्ने गाउँपालिका प्रहरीलाई गाउँपालिका प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको स्विकृतीलिई अनुशासनात्मक सजाय वा नसिहत वा कार्वाही गर्न वा सचेत  गराउन सक्ने छ ।

५. गाउँपालिकाको कामको शिलशिलामा गाउँपालिकाका प्रमुख वा पदाधिकारी वा प्रमुख प्रशासकीय अधिकृत वा गाउँपालिका प्रशासन शाखाले दिएको आदेश वा निर्देशन पालना गर्नु गाउँपालिका प्रहरीको कर्तव्य हुनेछ ।

६. गाउँपालिका प्रहरीको डिउटी तथा खटन पटन तथा अन्य जिम्मेवारीको बाढफाँड गाउँपालिका प्रहरी प्रहरी प्रमुखले गर्ने छ । सो को जानकारी प्रमुख प्रशासकीय अधिकृतलाई वा प्रशासन शाखामा दिनु पर्ने छ ।

७. कार्यविवरण :ऐनका परिच्छेद ३ को दफा १ र २ मा गठन गरिएको गाउँपालिका प्रहरीलाई गाउँपालिकाले कार्यालयका अन्य काममा पनि आबश्यकता अनुसार परिचालन गर्न सक्नेछ जसको कार्यविवरण कार्यालयको आवश्यकता अनुसार तयार हुनेछ।

प्रहरी हरहमेसा तयारी हालतमा रहनुपर्नेः प्रहरी नियमित डियुटिमा रहेको अवस्थमा बाहेक सामान्यता रिजर्भमा रहेको मानिनेछ,संगठनलाई आवश्यक परेमा प्रहरी सहायक निरिक्षक वा सिपाहीहरुलाई हाजिर हुन जानकारी गराउन सकिनेछ यस्तो जानकारी प्राप्त हुन आएमा त्यस्ता प्रहरी सहायक निरिक्षक तथा प्रहरी सिपाहीहरुले संगठनले तोकेको कुनै पनि ईकाइमा हाजिर हुनु पर्नेछ।

गाउँपालिका प्रहरी कार्य विवरणः यस ऐन र प्रचलित अन्य ऐन नियमहरुको अधिनमा रही गाउँपालिका प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :-

- गाउँपालिकाको आर्थिक वृद्धिदर वढाउन राजश्व संकलन कार्यलाई तिव्र बनाउने लक्ष्य सहित विविध क्षेत्रको अनुगमन गर्ने।
- गाउँपालिकाले निकट भविषयमा निर्माण गर्न लक्ष्य लिएको गौरवका आयोजनाहरुको नियमन,अनुगमन तथा सुरक्षा गर्ने।
- गाउँपालिकाभर शान्ति सुव्यवस्थापन कायम गरी नागरिकको जिउ धनको सुरक्षा गर्ने।
- गाउँपालिका भित्रका क्षेत्रहरुमा वृक्षारोपण गरी सरसफाईको कार्यक्रमहरुलाई प्रोत्साहन गर्ने।
- उपभोक्ता समिति गठन, सार्वजनिक सुनुवाई कार्यक्रम, गोष्ठी, सेमिनार कार्यक्रमहरुमा सुरक्षाको प्रवन्ध गर्ने।
- गाउँपालिका केन्द्र भवन, वडा भवन, गा.पा. सभा हलहरुको रेखदेख गर्नुका साथसाथै गाउँपालिका पदाधिकारीहरुको सुरक्षा गर्ने।

- गाउँपालिका न्यायिक समितिमा हुन सक्ने विवाद मा सहजिकरण गरी शान्ति सुरक्षा कायम गर्ने ।
- गाउँपालिका भित्र हुनेसक्ने अपराध गतिविधि लगायतका अन्य सूचनाहरु संकलन गर्ने ।
- कानुन वमोजिम पक्राउ गरी नियन्त्रणमा लिनुपर्ने व्यक्तिलाई पक्राउ गरी नियन्त्रणमा लिने ।
- मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्ने ।
- सवारी तथा यातायात व्यवस्थापनमा सहयोग गर्ने ।
- विशिष्ट व्यक्ति तथा स्थानीय सरकारले तोकेको सार्वजनिक महत्वका भवन, संरचना र स्थलको सुरक्षा गर्ने ।
- गाउँपालिकाको कुनै भागमा भएको वा हुन सक्ने विपद् र महामारी पिडितको उद्धारमा सहयोग पुर्‍याउने ।
- गाउँपालिकामा भएको अनियन्त्रित भिड तथा जुलुस नियन्त्रण गर्ने ।
- यस ऐन तथा प्रचलित अन्य ऐनहरुको अधिनमा रही कर्तव्य पालन गर्दा आवश्यकता अनुसारको उचित बल प्रयोग गर्ने ।
- प्रचलित कानुन वमोजिम अधिकार प्राप्त अधिकारीको कानूनी आदेश पालना गर्ने ।
- वृद्ध, अशक्त, असहाय व्यक्तिलाई यथाशक्य सहयोग गर्ने
- महिला तथा बालबालिकाहरुको हकहितको संरक्षण तथा सुरक्षाको लागि विशेष प्राथमिकतामा राखि कामकारवाही गर्ने ।
- कुनै चल, अचल सार्वजनिक सम्पतिमा आफ्नो सामुन्ने हानी नोक्सानी हुन लागेमा देखेमा त्यस्तो हानी नोक्सानी रोक्न हरसम्भव प्रयास गर्ने ।
- यस ऐन तथा अन्य प्रचलित कानुनले तोके बमोजिमको अन्य काम कारवाही गर्ने ।

८. पोशााक सम्बन्धि व्यवस्था : गाउँपालिकाले तोकिदिए बमोजिम पोशाक सोको  रंग सुरक्षा तथा साधन कार्यालयले निर्णय गरे बमोजिम हुनेछ ।

९. संचार साधन वा सेट : गाउँपालिकाले नेपाल सरकारको नियम कानुन अनुसार स्विकृतीलाइ संचार सम्बन्धि साधन तथा सेट उपलब्ध गराउन सक्नेछ ।

१०. पारिश्रमिक तथा सुविधाः करार सम्झौतामा उल्लेख भए अनुसार राशन सुविधा तथा तलव कार्यालयले उपलब्ध गराउने छ ।

११. अंग रक्षकको रुपमा पनि काम लागउन सक्ने : गाउँपालिकाको पदाधिकारी तथा कर्मचारीको सूरक्षाको लागि पनि गाउँपालिका प्रहरीलाइ गाउँपालिकाले खटाउन सक्ने छ ।

१२. पुरस्कार तथा अन्य व्यवस्था : गाउँपालिकाले कार्य सम्पादन सम्झौ गरि वा कार्य सम्पादन मुल्यांकनको आधारमा बार्षिक रुपमा पुरस्कृत गर्न सक्ने छ ।

१३. गाउँ कार्यपालिकाबाट आबश्य निर्णय गराइ  गाउँपालिकाले  नियमावली निदेर्शिका वा कार्यविधि बनाइ गाउँपालिकाका प्रहरीको व्यवस्थापन परिचालन नियमनको थप व्यवस्थपन गर्न सक्ने छ ।

१४. गाउँपालिका प्रहरीको काम कर्तव्य

(क) गाउँपालिकाको बजेट नीति कानुन मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने ।

(ख) गाउँपालिकाको सम्पतिको सुरक्षा  र संरक्षण गर्ने ।

(ग) स्थानिय स्तरमा हुने सभा समारोह जात्रा परम्परा तथा चाडपर्व मठ मन्दिर धार्मिक तथा पर्यटकिय क्षेत्रको सुरक्षा तथा संरक्षण गर्ने ।

(घ) गाउँपालिकाको सरसफाई तथा दिगो वातावरणिय विकासमा सहयोग पुर्‍याउने ।

(च) स्थानिय बजार तथा पाकिङ्ग स्थलको रेखदेख तथा  व्यवस्थापन गर्ने।

(छ) न्यायीक समितिले गरेको मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्ने।

(ज) सार्वजनिक ऐलानी पर्ति जग्गा सार्वजनिका भवन सम्पदा तथा भौतिक पुर्वाधारको संरक्षण र सुरक्षा गर्ने।

(झ) विपद् व्यवस्थापन सम्बन्धि खोजि उदार राहत पुन स्थापना गर्ने।

(ञ) अनधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण गर्ने।

(ट) छाडा पशु चौपायको नियन्त्रण गर्ने।

(ठ) अनधिकृत निर्माण तथा सार्बजनिका सम्पती अतिक्रमणलाई रोकथाम तथा नियन्त्रण गर्ने।

(ड) गाउँपालिका पदाधिकारी तथा कर्मचारीको सुरक्षा।

(ढ) गाउँपालिकामा बनेका ऐन कानुन नीति कार्यविधिहरुको कार्यान्यनमा सहयोग पुर्याउने।

(ण) सडक सार्वजिक स्थलको सरसफाई तथा रेखदेख सम्बन्धि कार्य

(त) कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने।

## परिच्छेद ४

## आचरण तथा अनुशासन

१. गाउँपालिका प्रहरीले देहायका आचरण पालनमा गर्नु पर्ने छ ः

(क) गाउँपालिका प्रहरीले गाउँपालिकाको नीति नियम तथा गाउँपालिकाको निर्णय नीति नियम पालना गर्नु पर्ने छ।

(ख) अनुशासन तथा आदेशको पालना गर्नू पर्ने छ।

(ग) आफु भन्दा माथिको निकाय वा प्रहरी प्रमुखको आदेशको पालना गर्नू पर्ने छ।

(घ) गाउँपालिका प्रहरीले सेवा ग्राही गाउँपालिकाका कर्मचारी तथा गाउँपालिका बसिहरुको सम्मान र आदरभाव राखनु पर्ने छ।

(ङ) स्वच्छ चरित्र र आचरण हुनु पर्ने छ।

(च) ड्यूटिको समयमा माधक पदार्थ सेवन गर्न नहुने।

(छ) गाउँपालिकाको अहित हुने कार्य गर्न नहुने।

(ज) आफुलाई तोकिएको जिम्मेवारी अनुशासित मर्यादित र निर्भिक भै पालना गर्नु पर्ने छ।

## परिच्छेद ५

## विविध व्यवस्था

१. गाउँपालिका क्षेत्रमा हुने विपद् सरसफाई सम्बन्धि कार्य र यसल सँग सम्बन्धित कर्मचारी भएमा गाउँपालिका प्रहरी प्रमुखको मातहतमा रहि कार्य गर्नेछन।

२. गाउँपालिका प्रहरीको व्यवस्थित रुपमा संचालन र संगठनात्मक विकासको लागि गाउँपालिकाले कार्यपालिका मार्फत संगठन संरचना तथा कार्य विवरण तयार गरि लागु गर्न सक्ने छ।

३. नियम निदेर्शिका कार्यविधि वनाई लागु गर्न सक्ने छ : गाउँपालिकामा प्रहरी सेवाको संचालन तथा व्यवस्थित परिचालनको लागि आवश्यक भएमा गाउँ कार्यपालिकाबाट स्वीकृती गराई नियमावली नीति नियम कानुन कार्यविधि तथा निदेर्शिका वनाई लागु गर्न सक्नेछ।

४. बचाउँ सम्बन्धि व्यवस्था :

(क) ऐनमा लेखिए जति कुराको हकमा यसै ऐन बमोजिम हुने छ।

(ख) यो ऐन लागु हुनु अगाबै कार्यालयबाट भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिने छ।

**प्रमाणीकरण मितिः २०७५।१२।२९**

**आज्ञाले,**
**तीर्थ कुमार भण्डारी**
**नि. प्रमुख प्रशासकीय अधिकृत**